# नेपाल उद्योग वाणिज्य महासंघ
## Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI


पत्र संख्या: एजिएम १-५४/७६ (१९ )

२०७६/११/२३

श्री सदस्य महानुभावहरु,
नेउवामहासंघ ।

बिषय: **महासंघको ५४ औं वार्षिक साधारण सभा, उद्योग वाणिज्य दिवस -२०७६ एवं निर्वाचन सम्बन्धी सूचना पठाएको सम्वन्धमा ।**

नेपाल उद्योग वाणिज्य महासंघको १५औं कार्यकारिणी समितिको मिति २०७६/११/११ मा बसेको वैठकको निर्णय अनुसार महासंघको ५४ औं वार्षिक साधारण सभा, उद्योग वाणिज्य दिवस-२०७६ एवं निर्वाचन सम्वन्धी कार्यक्रम देहायको मिति समय र स्थानमा हुन गई रहेको व्यहोरा सूचित गर्दै वार्षिक साधारण सभामा छलफल हुने विषय सूचि एवं निर्वाचनसंग सम्वन्धित व्यवस्था निम्न अनुसार भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१ **वार्षिक साधारण सभा हुने मिति, समय र स्थान** :

**मिति** : २०७६ साल चैत्र २८ र २९ (April 10-11, 2020) शुक्रवार र शनिवार

**समय**: विहान ९:०० बजे

**स्थान** : नेपाल प्रज्ञा–प्रतिष्ठान, कमलादी काठमाडौं

२ **५४ औं वार्षिक साधारण सभाको कार्यक्रम तथा छलफलको विषय सूची** :

(क) २०७६ साल चैत्र २८ गते शुक्रबार ५४ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस-२०७६ को समुद्घाटन ।

(ख) अध्यक्षको संवोधन एव सोको अनुमोदन ।

(ग) महासंघको वार्षिक प्रतिवेदनको प्रस्तुती एवं अनुमोदन ।

(घ) आ.व. २०७५/७६ लेखा परिक्षकको लेखा परिक्षण प्रतिवेदन एवं अनुमोदन ।

(ङ) आ.व. २०७७/७८ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने ।

(च) ५४औं वार्षिक साधारण सभामा विचारार्थ प्रस्तुत प्रस्तावको छलफल तथा निर्णय ।

(छ) चैत्र २९ गते शनिवार वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु तथा कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन ।

३ **उम्मेद्वारी मनोनयन, सभामा प्रतिनिधित्व र शुल्क सम्वन्धमा:**

क. **उम्मेद्वारी मनोनयन तथा प्रतिनिधि पत्र दाखिला** :

यस ५४औं वार्षिक साधारण सभामा माथि २ को खण्ड (छ) अनुसार वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन हुने भएकोले वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यको निर्वाचनको लागि उम्मेद्वार मनोनयन गर्न इच्छुक सदस्य संघ/संस्थाहरुले आ.व. २०७६/७७ सम्मको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र उम्मेदवारी शुल्क सहित **मनोनयन–पत्र** र **प्रतिनिधि–पत्र** महासंघको नियमावली(पहिलो संशोधन २०७३ सहित) अनुसार साधारण सभा हुनु भन्दा


P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np



STOP Child Labour



http://www.fncci.org

**७ दिन अघि अर्थात २०७६ साल चैत्र २० गते सांझ ६:०० बजे भित्र महासंघको सचिवालय** टेकूमा दर्ता गराई सक्नु पर्नेछ ।

यसै समय भित्र मनोनयनपत्र, प्रतिनिधिपत्र र सम्वन्धित संघको कार्यकारिणी समितिको वैठकको निर्णयको प्रतिलिपि फ्याक्स तथा ई–मेलबाट पनि पठाउन सकिनेछ । तर निर्वाचनमा उम्मेदवारी दिने संघ संस्थाले मिति २०७६ साल चैत्र २१ गते सांझ ६:०० बजे भित्र सवै सक्कल कागजातहरु पेश गर्नुपर्ने छ ।

ख **वार्षिक साधारण सभामा प्रतिनिधित्व** :

(अ) साधारण सभामा जिल्ला/नगर उद्योग वाणिज्य संघ एवं बस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्ने व्यवस्था रहेकोछ । अध्यक्ष स्वयं उपस्थित हुन नसक्ने अवस्थामा महासंघको विधान २०४९(छैठौं संशोधन सहित) को उपदफा २९(३) अनुसार सम्बन्धित सदस्य संघको कार्यकारिणी समितिले आफू मध्येबाट प्रतिनिधि छानी मुख्य प्रतिनिधि सहितको प्रतिनिधिमण्डलको नाम पठाउनु पर्ने छ । साथै निर्णयको प्रमाणित प्रतिलिपि समेत प्रतिनिधि पत्र साथ संलग्न गर्नु पर्नेछ ।

(आ) महासंघको विधान २०४९(छैठौं संशोधन सहित)को उपदफा २९.४ अनुसार निर्वाचनमा उम्मेदवार खडा गर्ने सदस्य संघ संस्थाहरुवाट आ–आफ्नो तर्फबाट निर्वाचनमा खडा गर्ने उम्मेदवारलाई समेत प्रतिनिधिमण्डमा समावेश गरी प्रतिनिधिमण्डल पठाउनु पर्नेछ ।

(इ) महासंघको विधान अनुसार एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सञ्चालक सदस्य, कार्यकारी संचालक,कार्यकारी प्रमुख, महाप्रबन्धक वा घटिमा नायव महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधि नियुक्त गरी संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पठाउनु पर्नेछ ।

(ग) **प्रतिनिधि संख्या** :

महासंघको ५४ औं वार्षिक साधारण सभामा निम्न संघ/संस्थाबाट निम्न संख्यामा प्रतिनिधिमण्डल पठाउन सक्ने छ :

- जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुले मुख्य प्रतिनिधि सहित–३जना (१ मुख्य प्रतिनिधि र २ अतिरिक्त प्रतिनिधि)
- वस्तुगत संघहरुले मुख्य प्रतिनिधि सहित–२जना(१मुख्य प्रतिनिधि र १अतिरिक्त प्रतिनिधि)
- द्वि–राष्ट्रिय उवासंघहरुले मुख्य प्रतिनिधिसहित –१जना
- एशोसिएट सदस्यले मुख्य प्रतिनिधि–१ जना

(घ) **प्रतिनिधि शुल्कः**

वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिको लागि प्रतिनिधि शुल्क बापत प्रति व्यक्ति रु ४,०००।–(अक्षरेपी चार हजार रुपैयां) प्रतिनिधि शुल्क लाग्ने छ । तर एकै व्यक्तिले एक भन्दा वढि संघ/संस्थाको प्रतिनिधित्व गर्दै रजिष्ट्रेशन गरेमा दोस्रो रजिष्ट्रेशन वापत प्रतिनिधी शुल्क रु १,५००।–(अक्षरेपी

एक हजार पांच सय) मात्र लाग्ने छ । तर दोस्रो रजिष्ट्रेशन गरे वापत कुपन उपलव्ध गराइने छैन ।

(ङ) **मनोनयन शुल्क**

निर्वाचनको लागि मनोनयन गर्दा निम्न बमोजिम मनोनयन शुल्क लाग्ने छ :

क) वरिष्ठ उपाध्यक्ष पदको लागि–रु. ३,००,०००। (अक्षरेपी तीन लाख रुपैयां)

ख) उपाध्यक्ष पदको लागि–रु १,५०,०००। (अक्षरेपी एक लाख पचास हजार रुपैयां)

ग) कार्यकारिणी समिति सदस्य पदको लागि–रु ५०,०००। (अक्षरेपी पचास हजार रुपैयां)

(उम्मेदवारी फिर्ता लिए पनि उम्मेदवारी वापतको शुल्क फिर्ता हुने छैन ।)

(च) **महासंघको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र बुझाउने समयः**

सदस्यहरुले आ.व. २०७६/७७ सम्मको महासंघको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र २०७६ साल चैत्र २७ गते सांझ ६:०० बजे भित्र महासंघको सचिवालयमा बुझाई सकेको हुनु पर्नेछ । उम्मेदवार खडा गर्ने सदस्य संघ संस्थाको हकमा यी सवै शुल्क चैत्र २० गते भित्र वुझाई सकेको हुनुपर्नेछ । शुल्क प्राप्त नभएमा त्यस्तो उम्मेदवारको मनोनयन पत्र वैधानिक मानिने छैन ।

साधारण सभामा भाग लिने मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधिको फोटो सहितको परिचय पत्र बनाइने हुंदा प्रतिनिधि पत्र पठाउंदा मुख्य प्रतिनिधि तथा अन्य प्रतिनिधिहरुको फोटो सहित राखी पठाउनु हुन अनुरोध छ ।

विधान अनुसार मुख्य प्रतिनिधिले मात्र निर्वाचनमा मतदान गर्न पाउने छन् । महासंघको पर्यवेक्षकको रूपमा रहेका सदस्य संघहरूले ५४औं वार्षिक साधारण सभाको कार्यक्रममा भाग लिन पाउने छन् । तर महासंघको निर्वाचनमा उम्मेदवार मनोनयन गर्न र मतदान गर्न पाउने छैनन् ।

(छ) **मनोनयन हुने उम्मेदवारको लागि आवश्यक योग्यता**

वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष र कार्यकारिणी समिति सदस्य पदको लागि उम्मेद्वार हुन महासंघको विधान २०४९ (छैठौं संशोधन सहित)को क्रमशः उपदफा ४६.१ र ४६.३(क) बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ । तर महासंघको विधानको दफा ६८ को उपदफा ६८.४ अनुसार महासंघको विधान (पांचौं संशोधन) लागू हुनु भन्दा अगावै महासंघको अध्यक्ष, उपाध्यक्ष र कार्यकारिणी समिति सदस्य भई सकेकाहरुको हकमा महासंघको विधानको दफा ४६.१(ग) र ४६.३(क) को (ऊ) को प्रावधानहरु लागू हुने छैन ।

(ज) उम्मेदवारी मनोनयन तथा निर्वाचन सम्वन्धी व्यवस्थाहरू निर्वाचन समितिबाट प्रकाशित निर्वाचन कार्यक्रम तालिका/सूचना एवं निर्वाचन समितिको निर्णय

बमोजिम हुने छ । निर्वाचन समितिबाट तयार गरिएको निर्वाचन सम्वन्धि विस्तृत तालीका सम्वन्धित सवैको जानकारीको लागि महासंघको सूचना पाटी र वेब साईटमा राखिएको छ ।

४. **प्रस्ताव पठाउने सम्वन्धमा** :

५४औं वार्षिक साधारण सभामा विचारार्थ पेश गर्नुपर्ने प्रस्तावहरु भएमा महासंघको सचिवालयमा २०७६ साल चैत्र १५ गते भित्र आई पुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

यस महासंघको ५४ औं वार्षिक साधारण सभामा समुद्घाटन कार्यक्रमका साथै वन्द शत्र एवं निर्वाचनको कार्य हुने भएको जानकारी गराउँदै ५४औं वार्षिक साधारण सभामा भाग लिने र निर्वाचनमा उम्मेदवार खडा गर्ने संघ/संस्थाहरुले उपरोक्त अनुसांरको व्यवस्था सहित उल्लेखित समय भित्र नै प्रतिनिधि पत्र, प्रतिनिधि शुल्क, मनोनयन पत्र, मनोनयन शुल्क, वार्षिक सदस्यता शुल्क पठाउनु भई महासंघको ५४औं वार्षिक साधारण सभामा सहभागीताको लागि अनुरोध गर्दछु ।

**संलग्न:**

१. महानिर्देशकबाट प्रस्तुत हुने वार्षिक प्रतिवेदन
२. आ.व. २०७५/७६ को वासलात र लेखापरीक्षकको प्रतिवेदन
३. प्रतिनिधि पत्र थान १(एक)।
४. मनोनयन पत्र थान ३(तीन)।

भवदीय,

( धरणीधर खतिवडा )
महानिर्देशक

**वोधार्थ:**

श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री पूर्व अध्यक्ष एवं विशिष्ठ सदस्यज्यू, नेउवामहासंघ ।
श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ ।
श्री अध्यक्षज्यू, प्रदेश उद्योग वाणिज्य महासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरु, नेउवामहासंघ ।